# काठमाडौं विश्वविद्यालय र धुलिखेल अस्पताल

बीचको

## सम्झौतापत्र

काठमाडौं विश्वविद्यालय ऐन, २०४८ अन्तर्गत स्थापित काठमाडौं विश्वविद्यालय, धुलिखेल र संस्था दर्ता ऐन, २०३४ अन्तर्गत स्थापित धुलिखेल अस्पताल, धुलिखेल, काभ्रेको सहकार्यमा संचालनमा आएको स्वास्थ्य विज्ञान शिक्षा एवं सेवालाई सहज रुपमा संचालन र विकास गर्दै लानको लागि २०५९ साल चैत्र १९ गते भएको सम्झौता पत्रलाई संशोधन गरिएको छ । यस सम्झौता पश्चात काठमाडौं विश्वविद्यालय र धुलिखेल अस्पताल बीच जनवरी ८, १९९९, जुन ७, २००१, फरवरी १४, २००३, २०६० फागुन २६ र २०६० चैत्र ९ गतेका सबै सम्झौताहरु निष्क्रिय हुनेछन् ।

१. विश्वविद्यालय र अस्पताल एक अर्काको पुरक भई परस्पर अभिन्न अङ्गका रुपमा कार्य गर्दै विश्वविद्यालय सभाले पारित गरेको स्वास्थ्य विज्ञान कार्यक्रम संचालन कार्यविधि नियम अनुसार काठमाडौं विश्वविद्यालय, स्कुल अफ मेडिकल साईन्सेज तथा धुलिखेल अस्पताल (काठमाडौं विश्वविद्यालय अस्पताल) को संचालन गर्नेछ ।

२. स्वास्थ्य विज्ञान कार्यक्रम संचालन गर्नको लागि विश्वविद्यालय र अस्पतालको प्रतिनिधित्व हुने गरेर एक स्वास्थ्य विज्ञान कार्यकारी परिषद् रहनेछ ।

   परिषद्को बनौट

   क. उपकुलपति - अध्यक्ष
   ख. रजिष्ट्रार - सदस्य
   ग. डीन, स्कुल अफ मेडिकल साईन्सेज - सदस्य
   घ. एशोसिएट डीन (अस्पताल निर्देशक) - सदस्य
   ङ. प्रमुख प्रशासकिय अधिकृत (प्रशासकिय निर्देशक) - सदस्य सचिव

३. काठमाडौं विश्वविद्यालय, स्कुल अफ मेडिकल साईन्सेज तथा धुलिखेल अस्पताल (काठमाडौं विश्वविद्यालय अस्पताल) लाई सहज रुपमा संचालन गर्न यस स्कुलको छुट्टै शिक्षक तथा कर्मचारी सेवा शर्त नियम तथा आर्थिक नियम अनुसार हुनेछ ।

४. यसरी संचालन गर्दा कुनै मतभेद वा विवाद उत्पन्न भएमा सो को निराकरण दुवै पक्षको आपसी सहमतिबाट गरिनेछ । दुवै पक्षको आपसी सहमतिबाट समस्याको निराकरण हुन नसकेको अवस्थामा पनि यस सम्झौताका अन्य शर्तहरु यथावत् कायम रही काठमाडौं विश्वविद्यालय अस्पतालको कार्यक्रम रोकिने छैन । आपसी सहमतिबाट समाधान हुन नसकेमा मुलुकमा प्रचलित मध्यस्थता ऐन बमोजिम हुनेछ ।

५. यो सम्झौता रद्द गर्नु परेमा दुवै पक्षले मनासिव माफिकको कारण सहित ५$^1/_2$ वर्ष अगाडि लिखित सूचना अर्को पक्षलाई दिनुपर्नेछ र अर्को पक्षले सो सूचना लिखित प्रतिउत्तर पठाइ अनुमोदन गर्नुपर्नेछ । तर यसरी सम्झौता गर्दा सञ्चालनमा रहेका शिक्षण कार्यक्रमहरुलाई नकारात्मक असर नपर्ने गरी गर्नुपर्नेछ ।

६. यो सम्झौतालाई दुवै पक्षको सहमतिबाट आवश्यकता अनुसार संशोधन एवं नविकरण गर्न सकिनेछ । संशोधन भएको अंश यसै सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

यो सम्झौता काठमाडौं विश्वविद्यालयका उपकुलपति एवं धुलिखेल अस्पतालका निर्देशकले सहिछाप गरेको मितिदेखि लागु हुनेछ ।

यो सम्झौता सहिछाप भएपछि यस अघि काठमाडौं विश्वविद्यालय र धुलिखेल अस्पताल बीच २०५९ साल चैत्र १९ मा भएको सम्झौता स्वत निष्क्रिय हुनेछ ।

२०६७।७।१८ २।५

डा.सुरेशराज शर्मा
उपकुलपति
काठमाडौं विश्वविद्यालय
धुलिखेल, काभ्रे ।

डा.रामकण्ठ माकजु श्रेष्ठ
निर्देशक
धुलिखेल अस्पताल
धुलिखेल, काभ्रे ।

साक्षी
डा. भद्रमान तुलाधर, रजिष्ट्रार,
काठमाडौं विश्वविद्यालय

साक्षी
श्री बेलप्रसाद श्रेष्ठ , अध्यक्ष
कार्यकारीणी समिति, धुलिखेल अस्पताल

ईति सम्बत २०६७ साल कार्तिक १८ गते ५ रोज शुभम् ................ ।